## बैठक नं. ३०७(४)४
## मिति २०८१।११।११
## निर्णय

### निर्णय नं. १

प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा नेपालको संविधानको धारा २७ मा मौलिक हकको रुपमा रहेको सूचनाको हक तथा उक्त मौलिक हकको कार्यान्वयनको लागि बनेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोग कानूनद्वारा स्थापित एक स्वतन्त्र निकाय हो । आयोगबाट हुने कामकारबाही स्वतन्त्र ढंगबाट सञ्चालन, व्यवस्थापन एवं नागरिकको मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ । आयोगबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरु सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् प्राप्त हुने बजेट खर्च शीर्षकबाट सञ्चालन भई रहेको सन्दर्भमा आयोगको स्वायत्ततालाई ध्यानमा राखी आगामी आर्थिक वर्ष २०८२/८३ देखि आयोगको लागि छुट्टै बजेट शीर्षक कायम गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् अर्थ मन्त्रालयमा लेखी पठाउने ।

### निर्णय नं. २

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा सूचनाको हकको अभ्यासको परीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्ने सम्बन्धमा प्रस्तावित निर्देशिका, २०८१ को प्रारम्भिक मस्यौदा सम्बन्धमा छलफल भयो । उक्त निर्देशिकाको मस्यौदालाई परिमार्जन गरी निश्चित ढाँचामा तयार गरी आयोगको अर्को बैठकमा राय, सुझाव सहित पेश गर्न देहाय बमोजिमको समितिलाई जिम्मा दिने ।

| | |
|---|---|
| उपसचिव, सन्तोष कुमार दाहाल | - संयोजक |
| उपसचिव, देबेन्द्र कार्की | - सदस्य |
| उपसचिव (कानून), सुदर्शन ढकाल | - सदस्य |
| शाखा अधिकृत, दिनेश लुइटेल | - सदस्य-सचिव |

### विविध

(क) आयोगको चालू आर्थिक वर्षको वार्षिक कार्यक्रम अन्तर्गत कार्यान्वयनको चरणमा रहेका कतिपय कार्यक्रमहरुको आंशिक बजेट अर्थ मन्त्रालयबाट रोक्का राखिएको सन्दर्भमा सम्झौता भई कार्यान्वयनमा गएका कार्यक्रमहरुको बजेट फुकुवा गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् अर्थ मन्त्रालयमा लेखी पठाउने ।